# गरिव लक्षित विपद उद्धार तथा राहत वितरण कार्यविधी - २०७५

**प्रस्तावना** : प्राकृतिक तथा गैर प्राकृतिक विपदवाट गरिव र सिमान्तकृत समुदायकाका व्यक्ति वा निजको परिवारको मानवीय क्षती वाहेक घरवास वा खेतवारी नष्ट भएमा वा क्षती भएमा, पशुधन, गोठ वा पशुपालन गर्न निर्माण गरिएको संरचना, कृषि वाली र सोको संरचना नष्ट वा क्षती भएमा उक्त क्षतीलाई राहत उपलव्ध गराउने उद्देश्यले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको गरिवी निवारण कार्यक्रम अन्तर्गत "**प्रकोप उद्धार तथा राहत कार्यक्रम**" कार्यान्वयन गर्न गण्डकी प्रदेश सरकारले प्रशासकिय कार्यविध (नियमित गर्ने) ऐन २०७५ को दफा २ वमोजिम यो कार्यविधी बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यविधीको नाम "गरिव लक्षित विपद उद्धार तथा राहत वितरण कार्यविधी २०७५" रहेको छ ।

(२) यो कार्यविधी गण्डकी प्रदेश सरकारबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

(३) यो कार्यविधी गण्डकी प्रदेशभर लागु हुनेछ ।

२. **<u>परिभाषा :</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा :-

(क) "ऐन" भन्नाले "विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४" लाई सम्झनु पर्दछ ।

(ख) "कार्यक्रम" भन्नाले विपदवाट भएको क्षतीको राहत स्वरुप मन्त्रालयले गरिव र सिमान्तकृत समुदायका व्यक्ति वा परिवारलाई वितरण गरिने राहत कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ग) "कृषिबाली" भन्नाले अन्नबाली, तरकारी वा फलफुल खेती समेतलाई जनाउछ ।

(घ) "गरिव" भन्नाले नेपाल सरकारले निश्चित मापदण्ड अन्तर्गत समय समयमा तोकेको राष्ट्रिय वा क्षेत्रगत गरिवीको रेखामुनी रहेको शिक्षा, स्वास्थ्य जस्ता मानव विकासका सुचांकहरुको आधारमा पिछिडिएका र निश्चित लिंग तथा सामाजिक समूहका आधारमा राष्ट्रिय विकास प्रक्रियाको मुल प्रवाहमा समावेश हुन नसकेका स्थानीय तहले गरिव भनी शिफारिश गरेका व्यक्ति वा समूहलाई सम्झनु पर्छ । यो शव्दले नेपाल सरकारले गरिवी परिचयपत्र वितरण गरेको अवस्थामा सो परिचयपत्र प्राप्त परिवारको सदस्यलाई समेत जनाउदछ ।

(ङ) "गैर प्राकृतिक विपद" भन्नाले महामारी, अनिकाल, कीट वा सुक्ष्म जिवाणु आतंक, पशु वा चरा चुरङगीमा हुने फ्लु, प्याण्डयामिक फ्लू, सर्पदंश, जनावर आतंक, खानी, हवाई सडक जल वा औधोगिक दुर्घटना, आगलागी, विशाक्त ग्यास रसायन वा विकिरण चुहावट, ग्यास विस्फोटन, विषाक्त खाध्य सेवन, वातावरणिय प्रदुषण, वन विनास वा भौगोलिक संरचनाको क्षती वा यस्तै अन्य प्रकृतिको विपदलाई सम्झनु पर्छ ।

(च) "जिल्ला विपद व्यवस्थापन समिति" भन्नाले ऐनको दफा १६ वमोजिमको समितिलाई वुझाउदछ ।

(छ) "पशुधन" भन्नाले कृषकले पालेको पशु, पंक्षी वा माछालाई सम्झनुपर्छ ।

(ज) "प्राकृतिक विपद" भन्नाले हिमपात, असिना, हिम पहिरो, हिमताल विस्फोटन, अतिवृष्टी, अनावृष्टी, वाढी, पहीरो तथा भू-स्खलन, डुवान, खडेरी, आँधि, हुरी, वतास, शित लहर,तातो हावाको लहर, चटयांग, भुकम्प, आगलागी, ज्वालामुखी विस्फोट वा यस्तै अन्य प्राकृतिक विपदवाट उत्पन्न जुनसुकै विपद सम्झनु पर्दछ । यो शव्दले जलवायु परिवर्तनको प्रभावले सृजना भएको विपदलाई समेत सम्झनु पर्दछ ।

(झ) "प्रदेश विपद व्यवस्थापन समिति" भन्नाले ऐनको दफा १४ वमोजिमको समितिलाई सम्झनु पर्दछ।

(ञ) "विपद" भन्नाले प्राकृतिक वा गैर प्राकृतिक विपदवाट भएको विपदको अवस्थालाई सम्झनु पर्दछ।

(ट) "मन्त्रालय" भन्नाले भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश नेपाललाई सम्झनु पर्दछ।

(ठ) "समिति" भन्नाले यसै कार्यविधीको दफा ७ वमोजिमको राहत शिफारिश समितिलाई सम्झनु पदर्छ।

(ड) "सिमान्तकृत समुदाय" भन्नाले दलित र पिछिडिएको अल्पसंख्यक जनजाति समुदायलाई सम्झनु पर्दछ र सो शव्दले अपांगता भएक व्यक्तिलाई समेत जनाउछ ।

(ढ) "स्थानीय विपद व्यवस्थापन समिति" भन्नाले ऐनको दफा १७ वमोजिमको समितिलाई सम्झनु पर्दछ ।

(ण) "स्थानीय तह" भन्नाले गाउपालिका वा नगरपालिकालाई सम्झनु पर्दछ ।सो शव्दले महानगरपालिका र उपमहानगरपालिकालाई समेत जनाउदछ ।

## परिच्छेद -२

## विपदवाट हुने क्षतीको किसिम र प्रदान गरिने राहत

**३. विपदबाट हुने क्षती :** (१) विपदवाट भएको देहायका क्षतीलाई यस कार्यविधी वमोजिम राहत प्रदान गरिनेछ।

(क) विपदको घटनावाट घरवासको पूर्ण नष्ट भएको वा पुर्ण नष्ट नभए पनि सम्भावित खतरावाट जोगिन अन्यत्र सर्नु पर्ने वा विस्थापित भइ सुरक्षित स्थानमा नयाँ आश्रयस्थल निर्माण गर्नु पर्ने भएमा,

(ख) कृषिबाली नष्ट वा क्षती भएमा,

(ग) कृषिवाली सम्वन्धी कुनै संरचना वा कुनै मेशनरी सामान नष्ट वा क्षती भएमा ।

(घ) पशुधन क्षती भएमा,

(ङ) पशुपंक्षीको गोठ खोर वा माछा पोखरी वा पशुपंक्षी पाल्न निर्माण गरिएको अन्य कुनै संरचना वा मेशिनरी सामान नष्ट वा क्षती भएमा ।

(च) उव्जाउ हुने खेतवारी नष्ट वा क्षती भएमा ।

४. <u>**राहत रकम**</u> : (१) विपदको घटनावाट घरवासकोको पूर्ण नष्ट भएको भए वा पुर्ण नष्ट नभए पनि सम्भावित खतरावाट जोगिन अन्यत्र सार्नु पर्ने वा विस्थापित भइ सुरक्षित स्थानमा नयाँ आश्रयस्थल निर्माण गर्नु पर्ने भएमा प्राविधिक मुल्यांकन वमोजिम प्रति परिवार वढीमा रु ५०,०००। (पचास हजार) राहत प्रदान गरिनेछ।

(२) पशुधन वा कृषिवाली क्षती भएकोमा देहाय वमोजिम राहत प्रदान गरिनेछ :

(क) वयस्क भैसी, उन्नत जातको गाई वा जोत्ने गोरुको क्षती भएमा सम्वन्धित प्राविधिकको मुल्यांकन वमोजिम वढीमा रु ३०,०००। (तीस हजार) सम्म र पशुको संख्या एक भन्दा वढी भएमा जतिसुकै भए पनि प्राविधिक मुल्यांकन वमोजिम वढीमा रु ६००००। (साठी हजार) सम्म ।

(ख) स्थानिय जातको गाई, पाडा पाडी, उन्नत जातको वाच्छा वाच्छी र अन्य पशुको क्षती भएकोमा सम्वन्धित प्राविधिकको मुल्यांकन वमोजिम वढीमा रु १०,०००।(दश हजार) सम्म र क्षती भएको पशुको संख्या एक भन्दा वढी भएमा जतिसुकै भए पनि प्राविधिक मुल्यांकन वमोजिम वढीमा रु २०,०००।(विस हजार) सम्म ।

(ग) क्षती भएको पशुपंक्षीको गोठ तथा खोर र माछा पोखरी वा अन्य संरचनाको सम्वन्धमा सम्वन्धित प्राविधिकको मुल्यांकन वमोजिम वढीमा रु १५०००। (पन्द्रह हजार) सम्म,

(घ) माछा सहित माछा पोखरी नष्ट भएको भए प्राविधिकको मुल्यांकन वमोजिम वढीमा रु ३००००। (तीस हजार) सम्म,

(घ) कृषिबाली नोक्सान भएकोमा भए सम्वन्धित प्राविधिकको मुल्यांकन वमोजिम बढीमा रु ५०,०००। (पचास हजार) र कृषिवाली सम्वन्धी संरचनाको क्षतीको सम्वन्धमा सम्वन्धित प्रावधिकको मुल्यांकन वमोजिम वढीमा रु १५०००। (पन्द्रह हजार) सम्म,

(३) उब्जाउसिल खेतवारी नष्ट भएको भए नेपाल सरकारले निर्धारण गरे जग्गाको दर वमोजिम वढीमा रु १,००,०००। (एक लाख) सम्म उपलव्ध गराइनेछ ।

**स्पष्टिकरणः** प्राविधिक मुल्यांकन भन्नाले कृषिवालीको हकमा कृषि प्राविधिक, पशुधनको हकमा पशु स्वास्थ्य प्राविधिकले गरेको मुल्यांकन र मेशिनरी औजार वा कृषि तथा पशुपंक्षीको गोठ तथा अन्य संरचनाको हकमा सम्वन्धित स्थानिय तहको इञ्जिनियर वा प्राविधकको मुल्यांकनलाई सम्झनु पर्दछ

।घरवासको हकमा सम्वन्धित जिल्लाको भवन तथा शहरी विकास कार्यालयले गरेको मुल्यांकनलाई सम्झन पर्छ ।

(४) यस भन्दा माथिको राहत रकम उपलव्ध गराउनु परेमा मन्त्रालयले निर्णय गरे वमोजिम हुनेछ ।

(५) पशुधन तथा कृषि वालीको विमा गरिएको भए विमा रकम कटाई वाँकी रकम दिइनेछ ।

## परिच्छेद ३
## विपद उद्धार तथा राहत वितरण प्रक्रिया

**५. <u>प्रकोप उद्धार तथा राहत वितरण कार्यक्रम गरिव लक्षित हुने</u> :** (१) यस कार्यविधी वमोजिम सञ्चालित कार्यक्रम वमोजिम वितरण हुने उद्धार तथा राहत गरिव र सिमान्तकृत समुदायका व्यक्ती वा निजको परिवारलाई मात्र दिइनेछ ।

(२) गरिव परिचयपत्र प्राप्त गरेका वा स्थानिय वडा कार्यालयले गरिव भनी शिफारिश गरेका व्यक्ति र सिमान्तकृत समुदायका व्यक्ति वा निजको परिवारलेमात्र यस कार्यविधी वमोजिम राहत माग गर्न सक्नेछन

**६. <u>राहत वितरण प्रक्रिया :</u>** (१) यो कार्यविधी वमोजिम सञ्चालन गरिने विपद उद्धार तथा राहत वितरण कार्यक्रम स्थानिय तह, जिल्ला विपद व्यवस्थापन समिति र स्थानिय विपद व्यवस्थापन समिति संग समन्वय गरी मन्त्रालयले सञ्चालन गर्नेछ ।

(२) राहत माग गर्ने व्यक्तिले अनुसूची -१ मा उल्लेखित कागजातहरु सहितको निवेदन सम्वन्धित स्थानिय तहको वडा कार्यालयमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा १ वमोजिम दाखिला हुन आएको निवेदनसाथ अनुसूची-१ वमोजिमका पुरा भए नभएको एकिन गरी सम्वन्धित वडा कार्यालयले सम्वन्धित स्थानिय विपद व्यवस्थापन समितिमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) वमोजिम प्राप्त हुन आएका निवेदनहरु स्थानिय विपद व्यवस्थापन समितिले राहत उपलव्ध गराउन सिफारिश सहित सम्वन्धित जिल्लाको कृषि ज्ञान केन्द्र वा भेटरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रमा पठाउनु पर्नेछ ।

(५) उप दफा (४) वमोजिम प्राप्त हुन आएका निवेदनहरु सम्वन्धित कृषि ज्ञान केन्द्र वा भेटरीनरी अस्पताल तथा पशु विज्ञ केन्द्रले स्थलगत जाँचवुझ गरी प्राविधिक मुल्यांकन गरी गर्न लगाई तथा अनुसुची-१ वमोजिमका कागजातहरु पुरा नभएको भए पुरा गर्न लगाई राय शिफारिश सहित मन्त्रालयमा पठाउनु पर्ने छ ।

**७. <u>राहत शिफारिश समिति :</u>** (१) दफा ६ उप दफा (५) वमोजिम प्राप्त हुन आएका निवेदनहरु जाँचवुझ गरी मन्त्रालयमा राहत सिफारिश गर्न मन्त्रालयमा निम्न वमोजिमका राहत सिफारिश समिति रहनेछ :

| | |
|---|---|
| (क) प्रमुख, प्रशासन तथा सहकारी विकास महाशाखा, | संयोजक |
| (ख) प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवशाय प्रवर्द्धन महाशाखा, | सदस्य |
| (ग) प्रमुख, पशुपंक्षी विकास महाशाखा, | सदस्य |
| (घ) प्रमुख, भूमि व्यवस्था, महाशाखा | सदस्य |
| (ङ) अधिकृत प्रतिनिधी, आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश | सदस्य |
| (च) अधिकृत प्रतिनिधी, आर्थिक मामिला तथा योजना मन्त्रालय, गण्डकी प्रदेश | सदस्य |
| (छ) शाखा प्रमुख, सहकारी तथा गरिवी निवारण शाखा, | सदस्य सचिव |

(२) उपदफा (१) को (क) (ख) (ग) (घ) र (छ) बमोजिमका संयोजक, सदस्य र सदस्य सचिव कुनै रिक्त हुन आएमा मन्त्रालयले तोक्नेछ ।

(३) समितिको वैठक आवस्यकता अनुसार वस्नेछ ।

(४) उपदफा (१) बमोजिम राहत सिफारिश भइ आएमा मन्त्रालयले माग भएको राहत स्वीकृत गर्नेछ ।

**८. शिफारिश सिमितिको काम कर्तव्य र अधिकार** : राहत शिफारिश समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) दफा ६ उपदफा (५) वमोजिम प्राप्त हुन आएका निवेदन उपर जाँचवुझ गरी मन्त्रालयलाई उपयुक्त राहत शिफारिश गर्ने ।

(ख) विपद घटेको स्थानको सम्वन्धित स्थानीय विपद व्यवस्थापन समिति, जिल्ला विपद व्यवस्थापन समिति र प्रादेशिक विपद व्यवस्थापन समिति संग समन्वय गर्ने ।

(ग) विपद घटेको स्थानको सम्वन्धित कृषि ज्ञान केन्द्र र भेटरीनरी अस्पताल तथा पशु विज्ञ केन्द्र संग समन्वय गर्ने तथा विपद घटेको स्थलको जाँचवुझ गर्न तथा प्रतिवेदन पेश गर्न लगाउने ।

(घ) आवस्यक परेको खण्डमा विपद घटेको स्थलको निरिक्षण अनुगमन गर्ने ।

९. **भुक्तानी विधि** : (१) यस कार्यविधि बमोजिम उपलव्ध गराइने राहत रकम देहाय बमोजिम भुक्तानी गरिनेछ :-

(क) राहत रकम स्वीकृत भएपछि स्वीकृत रकम निवेदकको बैंक खातामा पठाइनेछ,

(ख) खण्ड (क) बमोजिम स्वीकृत भएता पनि पछि झुट्टा ठहरिएमा रकम रोक्का राखिने तथा सरकारी रकम वाँकी सरह असूल उपर गरिनेछ ।

**१०. <u>अनुगमन गर्नुपर्ने</u> :** (१) मन्त्रालयले यस कार्यविधि बमोजिम उपलव्ध गराइएको राहत सम्वन्धमा अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने अनुगमनको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वमोजिम अनुगमन गर्दा वा यस सम्वन्धि कामको सिलसिलामा खटाइएको कर्मचारीको दैनिक तथा भ्रमण भत्ता रकम यसै कार्यक्रमको वजेटवाट खर्च गरिनेछ ।

**११. <u>बाधा अड्काउ फुकाउ</u> :** यस कार्यविधिको कार्यान्वयनका सिलसिलामा कुनै प्रावधानमा द्विविधा उत्पन्न भएमा कार्यविधिको भावना र मर्मको प्रतिकूल नहुने गरी थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले यस कार्यविधीलाई शंशोधन गर्न सक्नेछ ।

अनुसूची-१

## राहत रकम प्राप्त गर्न पेश गर्नुपर्ने प्रमाणहरु

| पेश गर्नु पर्ने प्रमाण | पशुधन क्षती भएकोमा | कृषिवाली क्षती भएकोमा | खेतवारी क्षती भएकोमा | संरचना (गोठ खोर पोखरीवा अन्य संरचना) को क्षती | मेशिनरी सामग्री क्षती | घरवास क्षती वा नष्ट भएकोमा |
|---|---|---|---|---|---|---|
| सम्वन्धित व्यक्तिको निवेदन | √ | √ | √ | √ | √ | √ |
| स्थानीय तहको गरिव भएको शिफारिश पत्र/गरिव परिचयपत्र | √ | √ | √ | √ | √ | √ |
| स्थानीय विपद व्यवस्थापन समितिको शिफारिशपत्र | √ | √ | √ | √ | √ | √ |
| सिमान्तकृत समुदायका व्यक्ति भएको जिल्ला प्रशासन कार्यालयको शिफारिश पत्र । | √ | √ | √ | √ | √ | √ |
| विपदवाट भएको क्षती देखिने फोटो | √ | √ | √ | √ | √ | √ |
| स्थानिय तह वडा कार्यालयको शिफारिश | √ | √ | √ | √ | √ | √ |
| पशु स्वास्थ्य प्राविधिकको मूल्यांकन | √ | | | | | |
| कृषि प्राविधिकको मुल्यांकन | | √ | | | | |
| जग्गाधनी प्रमाण पुर्जा | | | √ | | | √ |
| नापी नक्शा | | | √ | | | √ |
| नागरिकताको प्रमाणपत्र | √ | √ | √ | √ | √ | |
| प्राविधिक मुल्यांकन (स्थानिय तहको प्राविधिक) | | | | √ | √ | |
| प्राविधिक(भवन कार्यालय) मुल्यांकन | | | | | | √ |

**√ यो चिन्हले उल्लेखित प्रमाण आवस्यक छ भन्ने जनाउछ ।**